मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक ७ गते शुक्रवार (Friday, October 23. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**दशैं तिहारका लागि रोटेपिङ :** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुइपामा दशैं तिहारका लागि निर्माण गरिएको रोटेपिङ । बिगतका वर्षहरुमा जिल्लाका दशवटै स्थानीय तहका विभिन्न ठाउँमा रोटेपिङ थापेर रमाइलो गर्ने गरिए पनि यस वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण दशैं तथा तिहारको उल्लास छैन । ***तस्वीर : केदार मगर, रासस***

### कोरोना कहरमा बडा दशैं

# आज फूलपाती, टीकाको साइत १०:१९

**झापा, कात्तिक ६।** आज बडा दशैंको सातौ दिन आश्विन शुक्ल सप्तमीका अवसरमा देशभरका विभिन्न शक्तिपीठहरुमा फूलपाती भित्र्याइँदै छ । आजको दिन कालरात्री भगवतीको पूजा गरिन्छ । देवीको उपासनाबाट कालबाट छुट्कारा पाउनुका साथै कष्ट नाश हुने, बाधा अड्चन नआउने विश्वास गरिन्छ ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दशैंघर अथवा पूजाकोठामा शुभसाइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, जयन्ती, अशोकको फूल र अन्य नयाँ पालुवा समेत भित्र्याइन्छ ।

नौ पातमा क्रमशः ब्रह्मायणी, रक्तदन्तिका, लक्ष्मी, दुर्गा, चामुण्डा, कालिका, शिवा, शोकहारिणी र कात्तिकी देवीलाई आह्वान गरेर पूजा पनि गरिन्छ । यस पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । दुर्गाका यी नौ रुपलाई नवदुर्गा पनि भन्ने गरिन्छ ।

आसुरी एवम् राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजाराधना गर्ने शास्त्रीय नियम छ । दुर्गापूजा र दशैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले बताए । दशैंलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ ।

बडादशैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलिपूजा गर्नेहरुले दशैंघर, कोत र शक्तिपीठमा बलिसहित विशष पूजा गर्छन् । नवरात्रभर दुर्गासप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवीस्तोत्र एवम् स्तुतिको पाठ पारायण पनि गरिन्छ । यस अवसरमा नक्साल भगवती, शोभा भगवती, नाला भगवती, पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवम् दर्शन गर्ने भक्तजनको भीडसमेत लाग्ने गरेकामा यस वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण सबैजसो मन्दिर बन्द छ । शक्तिपीठमा नित्य पूजा भने गरिने जनाइएको छ ।

**यस वर्षाको फूलपाती बढाइँ साङ्केतिक**

यस वर्षको फूलपाती बढाइँ धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिन साङ्केतिकरूपमा मात्र आयोजना गरिने भएको छ । नेपाली सेनाले सैनिक मञ्च टुँडीखेलमा भव्य समारोहको आयोजना गरी फूलपाती बढाइँ हरेक वर्ष हर्षोल्लासका साथ मनाउँदै आएको छ ।

कोभिड-१९ को सङ्क्रमणबाट सिर्जित परिस्थितिका कारण हर्षोल्लासका साथ नभई धर्म, संस्कृति र परम्परालाई जीवन्तता दिन प्रतीकात्मकरूपमा मात्र बढाइँ गरिने सैनिक प्रवक्ता सन्तोषवल्लभ पौडेलले जानकारी दिए ।

उनले भने -स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी हाम्रा मौलिक चाडबाडलाई निरन्तरता दिने उद्देश्यले पहिलाको तुलनामा साङ्केतिकरूपमा मात्र बढाइँ कार्यक्रम सञ्चालन गरिने योजना गरेका छौं । अघिल्ला वर्षका बढाइँमा पूर्व,पश्चिम र दक्षिणपाटाबाट ८४/८४ जनाको गुल्मले बढाइँ गर्थ्यो भने यस पटक सामाजिक दूरी कायम गरी २५/२५ जनामा सीमिति गरिएको छ । बढाइँ कार्यक्रममा प्रमुख अतिथिका रुपमा राष्ट्रपति सहभागी हुने उनले बताए ।

विगतको जस्तो धेरै कार्यक्रम नगरी छोटो बढाइँ र टुकडीले सैनिक व्याण्ड प्रदर्शनी गर्ने कार्यक्रम रहेको सेनाले जनाएको छ । विगतमा सेनाबाहेक एक

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'दशैं मनाउँदा स्वास्थ्य मापदण्ड पालना गरौं'

**झापा, कात्तिक ६।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चाडपर्व, जात्रा तथा उत्सव मनाउँदा कोभिड-१९ सम्बन्धी जनस्वास्थ्यका मापदण्ड पालन गर्न अपिल गरेको छ ।

मन्त्रालयले सबै किसिमका चाडपर्व, जात्रा तथा उत्सव मनाउँदा एउटै घरमा बसोबास गर्ने घर परिवारका व्यक्ति बाहेक अन्य व्यक्तिसँग भेटघाट कम गर्नसमेत सबैलाई अपिल गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमित प्रेस ब्रिफिङमा प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले भेटघाट गर्नैपर्ने भए कम्तिमा दुई मिटरको दूरी अनिवार्य रुपमा कायम गर्न आग्रह गरे । प्रवक्ता गौतमले भने -चाडपर्वको समयमा सकेसम्म घरबाट ननिस्कने,

*(बाँकी अन्तिम पृष्ठमा)*

# संक्रमितको मृत्यु 'लापरवाही'ले

**पार्थ मण्डल**

**भद्रपुर, कात्तिक ६।** कोरोना भाइरसबाट संक्रमित व्यक्तिको उपचारका लागि स्थानीय तह, प्रदेश र सङ्घीय सरकारले उपचार केन्द्र तथा आइसोलेसन सञ्चालनमा ल्याएका छन् ।

संक्रमित व्यक्तिलाई घर नजिकैको उपचार केन्द्र तथा आइसोलेसनमा राखेर उपचार गराउन तीनै तहको सरकारले ठूलो रकम खर्चिएको छ । सरकारले सङ्क्रमितको उपचारमा खटिने डाक्टर र नर्सलाई समेत ७५ प्रतिशत भत्ता दिने निर्णय गरेको छ ।

तर, पछिल्लो समयमा कोरोना सङ्क्रमितको सङ्ख्या देशभर ह्वातै बढेसँगै उपचार केन्द्र र आइसोलेसनमा उपचाररत् सङ्क्रमितको अवस्था भने बेहाल बनेको छ ।

मेची प्रादेशिक अस्पताल भद्रपुरले सञ्चालनमा ल्याएको कोभिड-१९ उपचार केन्द्रमा विगत एक सातादेखि कुनै पनि डाक्टर र नर्स सङ्क्रमितको उपचारमा नखटिएको स्वयम् सङ्क्रमितहरूले आक्रोश पोखेका छन् । सरकारले दिने ७५ प्रतिशत भत्ता डाक्टर र नर्सले त्यत्तिकै पचाउन लागेको भन्दै संक्रमित कृष्ण खतिवडाले आक्रोश पोखेका हुन् ।

डाक्टर तथा नर्स उपचार केन्द्रमा नआउँदा गत मङ्गलवार दिउँसो भद्रपुर नगरपालिका-५ मेची किनारका अन्दाजी ६५ वर्षीय लक्ष्मीसिंह राजपूत (नुनिया)ले अकालमै ज्यान गुमाउनु परेको छ ।तीन दिनअघि कोरोना लागेका उनलाई उपचारका लागि मेचीको कोभिड -१९ उपचार केन्द्रमा भर्ना गरिएको थियो । श्वासप्रश्वास, रक्तचाप तथा सुगर रोगले ग्रसित संक्रमित राजपूतको अवस्था दिउँसो ३ बजेसम्म ठीकै भएपनि उनलाई स्वास फेर्न समस्या भएपछि अक्सिजन चाहियो भन्दै उनी छटपटाइरहेको उपचार केन्द्रमै रहेका संक्रमितहरु बताउँछन् ।

डाक्टर तथा नर्स कोही नहुँदा एक जना कैदी सङ्क्रमितले उनलाई अक्सिजन लगाई दिएका थिए । तर, समयमा डाक्टरले उपचार नगर्दा राजपूतले अकालमै ज्यान गुमाउनु परेको एक जना सङ्क्रमितले बताए । 'म बसेको सात दिन बितिसक्यो'- जीवन त्रिखत्रीले भने- 'अहिलेसम्म उपचार केन्द्रमा स्वास्थ्यकर्मीको अनुहार पनि देख्न पाएका छैनौ । सरसफाइका कर्मचारीहरु आउने खाजा र खाना दिने अनि फर्किन्छन् । बेड र उपचार केन्द्रको सरसफाइ संक्रमित स्वयम्ले गर्नुपर्छ ।'

'उपचार केन्द्रमै डाक्टर तथा नर्स नआउँदा यहाँ बस्ने सङ्क्रमितको अवस्था बेहाल छ' -अर्का संक्रमित पङ्कज उप्रेतीले भने- 'स्वास्थ्यकर्मी उपचार गराउन नआउने हो भने हामीलाई यहाँ किन राखिएको हो ? अकालमै ज्यान गुमाउनलाई ।' ७५ जना क्षमता भएको उपचार केन्द्रमा अहिले ३५ जना संक्रमित उपचाररत् रहेको मेची प्रादेशिक अस्पतालका सूचना अधिकारी मनोजकुमार पोखरेलले जानकारी दिए ।

यता अस्पतालका मेसु डा. पीताम्बर ठाकुरले आवश्यकता अनुसार सङ्क्रमितको उपचारमा डाक्टर र नर्स खटिने गरेको बताए । अन्य समयमा भिडियो कन्फ्रेन्स, सिसी क्यामेराको सहयोगमा सङ्क्रमितको उपचारलाई सहज बनाउने काम चिकित्सकले गर्दै आइरहेको उनले बताए । 'दीर्घरोगी र जटिल अवस्थाका बिरामी भएका सङ्क्रमितलाई पनि यहाँ राखेर उपचार गराउँदा समस्या भएको बताउँदै उनले भने- 'मेचीमा सङ्क्रमितको लागि आइसियु र भेन्टिलेटरको छुट्टै व्यवस्था छैन । त्यसका लागि अस्पताल प्रशासनलाई समस्या भइरहेको छ । जटिल बिरामी भएका सङ्क्रमितलाई धरान वा विराटनगर पठाउनु पर्ने हाम्रो बाध्यता छ ।'

*(बाँकी अन्तिम पृष्ठमा)*

## बालिका र किशोरीलाई करणी गरेपछि ....

**झापा, कात्तिक ६।** ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बिर्तामोड नगरपालिका-२ लालमाटी बस्ने २५ वर्षीय रतन राजबंशीलाई प्रहरीले पक्राउ गरेको छ ।

ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित बाँसघारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले राजवंशीलाई पक्राउ गरेको हो ।

उता मोरङमा जवरजस्ती करणी उद्योगका तिन जना फरार प्रतिबादीहरुलाइ पक्राउ गरिएको छ । पक्राउ पर्नेमा मोरङ धनपालथान-७ का २० बर्षीय जयकृष्ण मण्डल, २१ बर्षीय रोशनकुमार मण्डल र २३ बर्षीय मन्जित मण्डल रहेका छन् ।

पक्राउ परेका तिनै जनाले गत साउन

*(बाँकी अन्तिम पृष्ठमा)*

## लाञ्छनारहित गर्भपतनमा जोड

**मोरङ, कात्तिक ६।** लाञ्छनारहित सुरक्षित गर्भपतनका लागि समाजमा जनचेतना जागृत गराउन पर्नेमा जोड दिइएको छ । नेपाल परिवार नियोजन सङ्घ मोरङद्वारा आयोजित 'लाञ्छनारहित सुरक्षित गर्भपतन सम्बन्धी सञ्चार-कर्मीहरुका लागि अभिमुखीकरण' कार्यक्रममा उनीहरुले महिलाको आफ्नो शरीरमा पहिलो हक हुनाले सुरक्षित गर्भपतन मानवअधिकारको हक पनि रहेको बताएका हुन् ।

सामाजिक लाञ्छनाका कारण महिलाको आत्महत्यामा वृद्धि हुने, सामाजिक बहिष्कार हुने, वैवाहिक सम्बन्ध टुट्ने, तथा असुरक्षित गर्भपतन हुँदा मातृमृत्युदर बढ्ने हुनाले यसलाई नियन्त्रण गर्न सञ्चारकर्मीहरुले भूमिका खेल्नुपर्नेमा उनीहरुको जोड थियो ।

बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनसमा नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**समय : विहान १० बजेदेखि १ बजेसम्म**

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

पानीट्यांकी भारतको सेवा काँकरभिट्टामार्ट

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्टसहरुमा १०% छुट गरिएको छ ।



सातौ बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरू उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्टस पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।


**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

हाम्रो शहर बिर्तामोडमा देश तथा विदेशमा अति नै लोकप्रिय गोल्ड स्टार कम्पनीको आधिकारिक शोरुम खुल्यो ।




यहाँ विश्व प्रशिद्ध गोल्ड स्टार कम्पनीका आकर्षक जुत्ता तथा चप्पलहरु विभिन्न साइजहरुमा शुपथ मूल्यमा उपलब्ध छन् ।



**आर. के. इन्टरप्राइजेज**
मुक्तिचौक दुर्गामन्दिरबाट १५० मी.पूर्व काँकरभिट्टा रोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४०४२१, मो. ९८४२७१६७०७




बडादशैं २०७७ को पावन अवसरमा हाम्रा समस्त ग्राहक, पाठक, विज्ञापनदाता, शुभचिन्तकलगायत देशविदेशमा रहनुहुने नेपालीमा सुख, शान्ति र समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं । ***दशैं बिदाका कारण पूर्वाञ्चल दैनिकको आगामी अंक कात्तिक १६ गते आइतबारदेखि नियमित प्रकाशन हुने जानकारी गराउँदछौं ।***



श्री अन्नु प्रकाशन प्रा.लि.
**पूर्वाञ्चल दैनिक परिवार**
प्रधान कार्यालय : बिर्तामोड-१, (झापा)

## आज....

हजार दुई सयको सङ्ख्यामा विभिन्न क्षेत्रका महानुभावलाई आमन्त्रण गर्ने गरिएकामा यस पटक सेनासहित पाहुनाको सङ्ख्या एक सय जनामा सीमित तुल्याइने छ । अघिल्ला वर्षमा सेनानीसम्मलाई सपरिवार बढाइँ कार्यक्रममा सहभागिताका लागि उर्दी हुने गरेकामा स्वास्थ्य मापदण्डका कारण यस वर्ष सहायकरथी दर्जासम्मलाई एक्लै आउने व्यवस्था गर्न लागिएको सैनिक प्रवक्ता पौडेलले बताए । उपस्थित हुने स्थानमा पञ्जा र स्यानिटाइजरको प्रयोग अनिवार्य गरिएको छ ।

**टीकाको साइत कात्तिक १० गते १०:१९**

दशैं नौ रात र दश दिनको हुन्छ । विधिपूर्वक घरघरमा आह्वान गरी पूजा आराधना गरिने देवीलाई कात्तिक १० गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रुपमा टीका, जमरा र फूल प्रसाद ग्रहण गरिन्छ ।

कात्तिक १० गते देवी विसर्जनको साइत बिहान १०:११ बजे रहेको समितिले जनाएको छ । टीका प्रसाद ग्रहणका लागि साइत खोज्नेका लागि भने १०:१९ बजेको साइत उत्तम छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ । विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । यस वर्ष कोरोनाबाट बच्न घरघरमै सुरक्षित रहेर मान्यजनबाट आशीर्वाद लिनुपर्ने छ ।

पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रि जाग्राम रहेर पूजा लगाई धन, ऐश्वर्य प्राप्तिको कामना गरिन्छ । यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धनधान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ । घटस्थापना गरेर राखिएको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ ।

## दशैं ...

जानै पर्ने भएमा मास्क, कार्यक्रम स्थलमा प्रवेश गर्दा अनिवार्य रुपले साबुन पानीले हात धुने र सेनिटाइजर प्रयोग गर्नुपर्नेछ । मन्त्रालयले धार्मिक स्थलमा हुने हरेक भेला, कार्यक्रममा बढीमा २५ जना मात्रै भेला हुने व्यवस्था गर्न, अभिवादन गर्दा भौतिक दुरी कायम गरी टाढैबाट नमस्कार वा अभिवादन गर्न र शरीर छुने वा अङ्गालो मार्ने कुनै प्रकारको अभिवादन नगर्न पनि सबैमा आग्रह गरेको छ ।

प्रवक्ता गौतमले भने -नाक, आँखा, मुख सकेसम्म नछुने यदि छुनै परेमा हात धोएर वा हातमा सेनिटाइजर प्रयोग गरेर मात्र छुने, खोक्दा, हाछ्युँ गर्दा रुमाल या टिसियु पेपरले मुख छोप्ने, सो सम्भव नभएमा कुइना दोबारेर छोप्ने, सार्वजनिक स्थलमा जथाभावी नथुक्ने, सम्भव भएसम्म पैसाको कारोवार गर्दा विद्युतीय माध्यमबाट कारोवार गर्ने बाली बासाल्नुपर्छ ।

उनले उच्च जोखिममा रहेका व्यक्तिले घर बाहिर हुने मेलामा सहभागी नहुन पनि आग्रह गरे । उनका अनुसार ज्वरो, खोजी वा स्वासप्रश्वासमा समस्या भएका व्यक्ति, ६० वर्ष भन्दा बढी उमेर भएका व्यक्ति, १२ वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिला, रोग प्रतिरोधी क्षमता कम भएका व्यक्ति, मधुमेह, क्यान्सर, उच्च रक्तचाप, मिर्गौला, कलेजो सम्बन्धी समस्या, दमलगायत दीर्घ रोग भएका व्यक्तिहरु, अङ्ग प्रत्यारोपण गरेका व्यक्ति, शरीरमा मेडिकल उपकरण राखेका व्यक्तिलाई कोभिड-१९ बाट सुरक्षित राख्नुपर्छ । कार्यक्रम स्थलमा धुमपान र मध्यपानको पूर्ण रुपमा निषेधित गरिएको तथा जनस्वास्थ्यको पालन नगर्ने र जथाभावी गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने मन्त्रालयले जनाएको छ । मन्त्रालले जथाभावी फोहोर नफाल्न पनि सबैमा आग्रह गरेको छ ।

## संक्रमितको ...

यसैबीच मेची प्रादेशिक अस्पतालबाट कोरोना संक्रमित व्यक्तिहरू प्रति देखाइएको चरम बेवास्ता र अव्यवस्थापनप्रति नेपाली काँग्रेसले आपत्ति जनाएको छ ।

भद्रपुर नगरपालिका साबिक २ हाल वडा नम्बर ५ का पूर्व सभापति लक्ष्मीसिंह राजपूत (नुनिया) को मृत्यु अस्पतालको लापरबाही र उदासीनताको एउटा दृष्टान्त भएको काँग्रेसको ठहर भएको काँग्रेसका क्षेत्रीय सभापति गणेश पोखरेलले जानकारी दिए ।

कोरोना संक्रमित भई उपचारका लागि मेचीको कोभिड उपचार केन्द्रमा भर्ना भएका उनको न्यूनतम् चिकित्सकीय सेवासम्म प्राप्त गर्न नसक्दा मृत्यु भएको भन्दै कांग्रेसले आपत्ति जनाएको छ । राजपूतले चिकित्सकको रेखदेख प्राप्त गर्न नसक्नु र अक्सिजन सकिँदा खाना पुऱ्याउन खटिएका व्यक्ति र अस्पतालमा भर्ना भएका अन्य संक्रमित व्यक्तिहरूले अक्सिजन परिवर्तन गर्नु र सोही क्रममा उनको मृत्यु हुँदा घण्टौंसम्म पनि अस्पताल प्रशासन बेखवर हुनु हास्यास्पद भएको कांग्रेसको ठहर छ ।

यस क्षेत्रका सर्वसाधारण बिरामीहरूको उपचारको प्रमुख केन्द्रको रुपमा रहनुपर्ने अस्पतालले बिरामीप्रति देखाएको यस किसिमको व्यवहार लगायतको अवाञ्छित प्रवृत्तिको कांग्रेसले घोर निन्दा र भर्त्सना गरेको छ ।

कोरोना संक्रमित व्यक्तिहरूको लागि आईसीयु वार्ड, भेन्टिलेटर लगायतका आवश्यक उपकरणको अभाव रहेको अस्पतालमा अविलम्ब यस किसिमका चिकित्सकीय सेवाको व्यवस्था गरी कोभिड तथा नन-कोभिड बिरामीहरूलाई पर्याप्त चिकित्सकीय सेवा सुनिश्चित गर्न प्रदेश सरकार, अस्पताल प्रशासन लगायत सम्बन्धित पक्षलाई कांग्रेसले ध्यानाकर्षण गराएको छ ।

अस्पतालमा आउने बिरामीको उपचारमा लापरबाही गर्ने प्रवृत्तिमा अविलम्ब सुधार गरी सर्वसाधारण नागरिकको जीवनको मूल्य बोध गर्न समेत सम्बन्धी निकाय समक्ष कांग्रेसले खबरदारी गरेको छ ।

## बालिका ...

१५ गते राति ११ बजे मोरङकै १३ बर्षीया र १९ बर्षीयालाई जवरजस्ती करणी उद्योग गरी फरार रहेका थिए ।

त्यस्तै १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा जनकपुर उपमहानगरपालिका -१३ कवडहल बस्ने ३२ वर्षीय विष्णुदेव राउतलाई प्रहरीले पक्राउ गरेको छ । त्यसैगरी १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मिर्चैया नगरपालिका-३ बक्थलवा बस्ने ५० वर्षीय भोला सदालाई प्रहरीले पक्राउ गरेको छ ।


### अर्जुनधारा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

### नदीजन्य सामग्री उत्खनन् स्थगन गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

मिति २०७७।०५।३० गतेको दिन भएको अर्जुनधारा नगर कार्यापालिकाको निर्णयानुसार यस नगरपालिका भित्रका नदीहरु विरीङ प्याकेज १ र २, टाङटिङ र ठूलो नेते खोलामा चालू आर्थिक वर्ष २०७७/२०७८ मा उत्खनन हुन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएका केन्द्रहरुबाट उत्खनन् हुने गरी स्वीकृत नदीजन्य पदार्थ संकलन तथा विक्री व्यवस्थाका लागि कार्यालयबाट दिइएको अस्थायी इजाजतको सम्बन्धमा हाललाई उक्त कार्य यथास्थितिमा राख्न सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०६।०२ को अल्पकालीन आदेश यस कार्यालयमा मिति २०७७।०६।०४ गते तामेल भएको सन्दर्भमा नगर कार्यपालिकाको मिति २०७७।०६।२६ को बैठकबाट सम्मानित सर्वोच्च अदालतको अन्तिम फैसला प्राप्त नभएसम्म उल्लेखित अस्थायी इजाजत दिइएको कार्य स्थगन गर्ने निर्णय गरिएकाले सम्बन्धित सबैबाट कार्यान्वयन हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यो सूचनालाई वेवास्ता गरी सोबाट उत्पन्न हुने जवफादेहिता स्वयम्बाट वहन हुनुपर्ने व्यहोरा समेत यसै सूचनाबाट सरोकारवाला (अस्थायी इजाजत प्राप्त ठेकेदार) हरुलाई जानकारी गराइएको व्यहोरा समेत अनुरोध छ ।

**महेन्द्रकुमार खाम्याहाङ्ग**
प्रमुख प्रशासकीय अधिकृत

### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।


**सम्पर्क : ९८५११४४९४९**

### बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

### GREEN FIELD WORLD SCHOOL
*Birtamode-1, Jhapa, Nepal*



**Admission Open**
From
**Nursery to Grade IX**

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np


**इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो,**
**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो**

# भावपूर्ण श्रद्धाञ्जलि/समवेदना



जन्म
२०४७।०४।२१ गते

स्वर्गारोहण
२०७७।०७।३ गते

## स्व. विवेक राई (सुधेश)

हाम्रा अति मिलनसार मित्र, दाजु तथा भाइ उर्जाशील युवा, भद्रपुर नगरपालिका–८ , क्याम्पसमोड निवासी **विवेक राई (सुधेश)** को ३० वर्षको अल्पायुमै यही मिति २०७७ कात्तिक ३ गते सोमबारका दिन असामयिक निधनले हामीलाई स्तब्ध तथा मर्माहित बनाएको छ ।

यस शोकपूर्ण घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै दुःखको यस घडीमा शोकाकुल रहनु भएकी उहाँकी धर्मपत्नी सेजल तामाङ (राई), बुबा भुपाल, आमा कंङशा राई र दाजु-भाउजु विक्की र विन्दु राईसहित सम्पूर्ण राई परिवारमा पर्न गएको अपूरणीय क्षति सहन गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**आकाश शिवाकोटी** | **सुरेश राजवंशी** | **अतुला खान,**
**दीपककुमार राजवंशी** | **धर्मेश राजवंशी** | **शंकर बस्नेत**
**मिलन चङ्सु लिम्बू** | **राजेश राजवंशी**
**सोम लामा** | **गोपी धिमाल**

मिति : २०७७।०७।०५

## हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड -४ झापाको

### आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभामा सहभागिता सम्बन्धि अत्यन्त जरुरी सूचना

कोरोना भाईरस (कोभिड-१९) को प्रकोपबाट उत्पन्न असहज परिस्थितिको कारण यस संस्थाको आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरणसभा पूर्व निर्धारित मितिमा सम्पन्न गर्न नसकिएको सर्वविदितै छ । सबै सदस्यहरु एकै स्थानमा भेला भई साधारणसभा गर्न नसकिने परिस्थितिका कारण नेपाल सरकारद्वारा जारी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै गराउँदै उच्च सतर्कता र सावधानीका साथ साधारणसभा सम्पन्न गर्नु पर्ने सहकारी विभागद्वारा जारी निर्देशनका आधारमा यस संस्थाको आठौं बार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभा तपशिल बमोजिम हुने गरी समय निर्धारण गरिएकोले सोही बमोजिम उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

१.प्रतिवेदन सार्वजनिक कार्यक्रम : मिति २०७७ कार्तिक १९ गते बुधबार दिनको ३ बजे संस्थाको मुख्य कार्यालय बिर्तामोड झापा ।
२. प्रतिवेदन वितरण तथा सदस्यहरुबाट सुझाव संकलन कार्यक्रम : मिति २०७७ कार्तिक २० गते विहीबारदेखि २०७७कार्तिक २४ गते सम्म (कार्यालय समय भित्र संस्थाको सबै सेवा केन्द्रहरुबाट)
३. मिति २०७७ साल कार्तिक २५ गते भित्रमा सबै सेवा केन्द्रहरुमा प्राप्त सुझावहरु मुख्य कार्यालयमा Hamronepalcoop@gmail.com, फोन नं. ०२३(५४५३५५ मार्फत पठाइ सक्नु पर्नेछ ।
४. प्रतिवेदन वितरण तथा सुझाव संकलन निम्न अनुसार हुनेछ ।

| क्र.स. | मिति | सेवाकेन्द्र | स्थान | समय | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| 1 | 2077-07-20 | गौरादह | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रदिपभण्डारी | 023-480035 |
| | | दमक | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | सुजितदंगाल | 023-583055 |
| | | केरखा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | कुसुम सुवेदी | 023-475155 |
| 2 | 2077-07-21 | झिलझिले | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | जीवराजदंगाल | 023-470655 |
| | | सुरुङ्गा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | उज्वलओझा | 023-550550 |
| | | लक्ष्मीपुर | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | भिमकुमार अधिकारी | 023-503105 |
| 3 | 2077-07-22 | बिर्तामोड | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | ज्योती पराजुलि | 023-544555 |
| | | शनिश्चरे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | डिलकुमारी उचै | 023-465065 |
| 4 | 2077-07-23 | राजगढ | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | शान्तिमाया शेलिङ्गलिम्बु | 9801413455 |
| | | चन्द्रगढी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | विनोद हास्दा | 023-457355 |
| | | मंगलबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रकाशलुईटेल | 9801359555 |
| 5 | 2077-07-24 | बुधबारे | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | गोपालमिश्र | 023-555500 |
| | | चारआली | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | प्रतिमागडतौला | 023-460155 |
| | | धुलावारी | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | टेक नारायण प्रसाई | 023-560244 |
| | | ईटाभट्टा | सेवाकेन्द्र कार्यालय | विहान १० देखि ४ बजे सम्म | देव प्रसाद गणेश | 023-563903 |

साधारणसभा सम्बन्धि अन्तिम कार्यक्रम :
**मिति : २०७७/०७/२७ गते विहीबार** **स्थान : कन्काई पार्टी प्यालेस, दमक** **समय : ११:०० बजे**

पुनश्चः साधारणसभा सम्बन्धी कार्यक्रममा सहभागी हुन कार्यालयमा उपस्थित हुँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन अनुरोध छ ।
*कोरोना भाईरस (कोभिड-१९) को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।*

**भवानीप्रसाद दंगाल**
अध्यक्ष

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# संयमित भएर दशैं मनाऔं

**नेपालीको सबैभन्दा ठूलो पर्व बडादशैं आजदेखि घरभित्रै प्रवेश गरिसकेको छ । त्यसो त घटस्थापनादेखि नै घर-घरमा दुर्गा सप्तशती पाठ गर्दै दुर्गा भवानीको भक्ति पूजा गरिँदै आएको छ । त्यसमा पनि सप्तमी तिथिदेखि सरकारी कार्यालयहरुले समेत विदा दिने भएकाले यस दिनदेखि भने दशैं घरभित्रै प्रवेश गरेको मानिन्छ । विजया दशमी समेत भनिने यो पर्वको बेग्लै महत्व छ । असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजय भएको दिनको स्मरणमा विजयादशमी मान्न थालिएको धार्मिक मान्यता रहेको छ । राम-रावणको कथासँग पनि जोडिएको दशैंले नारी शक्तिको पूजा गर्नुपर्ने सन्देश दिएको छ ।**

**यो पर्व विगतभन्दा फरक परिस्थितिमा दशैं भित्रिएको छ । कोरोना भाइरसको सन्त्रास छ, कतै सुरक्षित रहन, कतै उपचार पाउन त कतै परीक्षणकै लागि भोक, निद्रा त्याग्नु परेको अवस्था छ । यस्तो विषम् परिस्थितिमा प्रवेश गरेको दशैंलाई विगतका वर्षहरु जस्तै ठानियो भने आउन सक्ने दुष्परिणामको जिम्मेवारी स्वयम् हुनुपर्नेछ । महामारीका रुपमा फैलिएको कोरोना कहरभन्दा पनि 'काल' हुन थालेको सन्दर्भलाई नजाने जस्तो गरियो भने त्यसको मूल्य चुकाउन गाह्रो पर्ने निश्चित छ । यस बेला मान्यजन कहाँ गएर टीका आशीर्वाद ग्रहण गर्न, रमाइलो भेटघाट गर्न आफैंले संकोच मान्नुपर्ने अवस्था छ । त्यसमाथि सरकारले देवीका पीठहरुमा गरिँदै आएको दर्शन, नवरात्रको विशेष पूजा आदिमा रोक लगाएको छ ।**

**विगतका वर्षहरुमा जस्तो दशैं आउने दिनको उल्लासपूर्ण प्रतिक्षाको यो वर्ष रहेन । साथीभाइसँग भेटघाट र रमाइलो गर्ने अवसर समेत नपाइएको दशैं जिउ रहे अर्को वर्षका लागि साँचौं । देशभरका शक्तिपीठहरु सुनसान बनेका छन्, परम्परादेखि फूलपातीको रैनक गोर्खाबाट शुरु भएर हुनमान ढोकामा प्रवेश गर्ने गरेको थियो । ग्रामीण जीवनमा रोटे-पिङ लिङ्गे पिङले ल्याउने रोमाञ्चकता पनि अहिले घट्दै गएको छ । वर्षा सकिँदै गर्दा बज्न थाल्ने मालश्री धुनको कर्णस्पर्शी झङ्कारले पुलकित हुने मन यो वर्ष त्यसै-त्यसै ओइलाएको छ । चिउरा कुट्दै गरेको ढिकीका आवाजहरु सुनिन छाडेका बेला विश्वलाई आक्रान्त पारेको कोरोना भाइरसको संक्रमणबाट जोगिँदै, सुरक्षाका मापदण्डको पालना गर्दै परिवारभित्र मात्रै हर्ष, आनन्द, सुख र खुसी साटौं, सबैलाई फूलपातीसहित बडादशैंको शुभकामना ।**

# बडादशैं र आशीर्वाद



**आ. सोमनाथ गौतम**

हाम्रा विभिन्न महिना, बार, तिथिका आ-आफ्ना विशेषताहरु रहेका छन् । हाम्रो नेपाली समाजमा असोज महिनाको शुक्लपक्ष प्रतिपदादेखि पूर्णिमासम्म मनाइने चाडलाई बडादशैं भनिन्छ । उक्त प्रतिपदाका दिन घटस्थापना गरी नवमीसम्म नवदुर्गा भवानीको धुमधामसँगले पूजा-आराधना गरी दशमीको दिन मान्यजनबाट निधारभरी टीका लगाई आशीर्वाद लिने सुन्दर परम्परा छ । सत्ययुगमा दुष्ट महिसासुरले तपस्याबाट प्राप्त वरदानको दुरुपयोग गरी मानव, दानव, यक्ष, किन्नर, देवता लगायत समग्र प्रकृति समेत आफ्नो बसमा नियन्त्रण गरी आतङ्क मच्चाएको थियो ।

महिसासुरको वैश्विक पीडाले सन्तप्त भएर एकत्र भएका देवताहरुका शरीरबाट प्रकट भएकी भगवती जगज्जननी दुर्गा देवीले त्यस महिसासुरलाई विनास गरी संसारलाई स्वस्थ बनाएको दिन विजय उत्सवका रुपमा भगवतीको प्रसादका रुपमा टीका ग्रहण गरी मान्यजनबाट आशीर्वाद लिइने गरिन्छ । यो हामी नेपालीहरुको पूर्वीय सभ्यता सम्बद्ध समुच्च आदर्श पनि हो । महिसासुर खराव प्रवृत्तिको प्रतिनिधि पात्र हो । मानवभित्रको खराब प्रवृत्तिले मानवलाई नै सताइरहेको हुन्छ । व्यक्ति-व्यक्तिमा रहेको खराब प्रवृत्तिले समाज समग्र राष्ट्र र विश्वलाई नै सन्त्रस्त बनाइदिन्छ । मानव सभ्यतालाई नै सन्त्रस्त बनाउने खराब प्रवृत्तिको नाम नै शुम्भ निशुम्भ र महिसासुर हुन् भनी बुज्नुपर्छ ।

*दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।*
*अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥*
(भगवद्गीता १६/५)

आफूसँग ज्ञान, क्षमता नहुँदानहुँदै पनि मान, सम्मान र ख्याति प्राप्त गर्न लोलुप रही अन्याय र बल प्रयोग गर्नु दम्भ हो । धन वैभव, जमीन, दोकान, महल गाडी र आफूसँग भएका अन्य सामग्रीहरु आफ्ना साधनका रुपमा प्रयोग गर्नुभन्दा बडप्पनका लागि प्रयोग गर्नु दर्प हो । आफूसँग भएको धन, जन र स्वरुपमा समुच्च गर्भ गर्दै अरुलाई हर क्षेत्रमा अपमानित दृष्टिले हेर्नु अभिमान हो । जलनात्मक प्रवृत्ति क्रोध हो । कठोरताको नाम पारुष्य हो । यस गुणले नै हत्या, हिंसा, चोरी, डकैती, बलात्कार जस्ता अमानवीय कार्य गराउँदछ । गर्ने र नगर्ने व्यवहार सामाजिक, धार्मिक र मानवीय मूल्य-मान्यताका दृष्टिले छुट्याउने क्षमता विशेषको नाम विवेक हो । विवेक नहुनु अज्ञान हो । यी सबै आसुरी गुण हुन् । यी सबै गुणले मानव सभ्यतालाई संरक्षण होइन भक्षण गर्छ । यस्ता अमानवीय गुणको समष्टि रुप नै महिसासुर हो ।

उपर्युक्त आसुरी गुणले सताएपछि सत्ययुगमा देवताहरुले विचार विमर्षण सभा गरेका थिए । त्यस सभामा महिसासुर प्रवृत्तिको निवृत्ति कसरी होला भन्ने विषयमा छलफल चलिरहेको थियो । त्यति खेरै सबैका शरीरबाट तेज प्रकट भयो । निर्गतं सुमहत्तेजस्तच्चैक्यं समगच्छत ॥ (शप्तशती २/११) महिषासुरले नारीलाई बल नभएका अबला ठानेर अरुबाट नमर्ने केवल मारे पनि नारीले मात्र मारुन् भनि ब्रह्मासँग पहिले नै वरदान प्राप्त गरिसकेकाले आखिर देवसभामा उपस्थित सबैका शरीरबाट निष्किएको तेज नारीका रुपमा परिणत हुन पुग्यो । अनि नारीलाई निकम्बा केवल भोग्या मात्र सम्झने आसुरी शक्तिलाई विनाश गरी नारी अबला होइनन् बरु सृष्टिकी समुच्च शक्ति हुन् भन्ने बुजाउनु पनि थियो । त्यसैले सबै देवता मानवहरुबाट निष्किएको शक्ति नारीको रुपमा परिणत भयो । एकस्थं तदभून्नारी व्याप्तलोकत्रयं त्विषा ॥ (शप्तशती २/१३) ती नारी नै समस्त शक्तिस्वरुपा नवदुर्गाका रुपमा स्थापित भइन् । त्यसपछि सम्पूर्ण मानव देवताहरुको हितका लागि महिसासुर राक्षसलाई विनाश गरेर मानव सभ्यताको रक्षा गरी नारीलाई अबला सम्झने आसुरी सोचलाई समेत परिवर्तन गरेकी थिइन् भन्ने प्रसङ्ग पुराणहरुमा पाइन्छ ।

यसरी भगवती देवीले असुरहरुलाई विनाश गरी देवत्वको संरक्षण गरेर मानव सभ्यताको विजय भएको दिन नै आश्विन शुक्लपक्ष दशमीको दिन भएकाले यस दिन विजयोत्सव मनाउने चलन चलि आएको हो । शरतऋतुमा नवदुर्गाको पूजनयजन गर्नाले मानव सबै किसिमका बाधा व्यवधानबाट मुक्त हुनेछ । अनि धन दौलतले सम्पन्न, सुसन्ततिले युक्त हुने कुरा स्वयम् भगवती दुर्गा देवीले देवताहरुलाई बताएकी छिन् ।

*शरत्काले महापूजा क्रियते या च वार्षिकी ।*
*तस्यां ममैतन्माहात्म्यं श्रुत्वा भक्तिसमन्वितः ॥*
*सर्वाबाधाविनिर्मुक्तो धनधान्यसुतान्वितः ।*
*मनुष्यो मत्प्रसादेन भविष्यति न संशयः ॥*
(शप्तशती दुर्गा १२/१२, १३)

त्यसकारणले आश्विन शुक्लपक्ष प्रतिपदादेखि नौं दिनसम्म प्रतिदिन शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा आदि नवदुर्गाको पूजनअर्चन गरी दशमीको दिनदेखि कोजाग्रत पूर्णिमासम्म गुरुजन र मान्यजनबाट नवदुर्गा भगवतीको प्रसादका रुपमा टीका आशीर्वाद ग्रहण गर्ने परम्परा शास्त्र सम्मत् सनातन परम्परा हो । यसै परम्परा विशेषलाई नै हाम्रो नेपाली समाजमा बडादशैंका नामले चिनिँदै आएको छ । यो बडादशैं बाल बालिकादेखि वृद्धवृद्धासम्म सबैको हर्ष एवम् उमङ्गको चाड हो । तर, आजको सन्दर्भमा भने कोरोना नामक भाइरसले मानव सभ्यतालाई नै चुनौति दिइरहेको अवस्थामा भने सदा झैं टोल-टोलमा दुर्गा पूजा र उत्सव मनाउन सामाजिक दूरी कायम गर्नुपर्ने भएकाले असमर्थ भए पनि उत्साहलाई नघटाइ कोरोनारुपी सूक्ष्म असुर विनास गर्न आ-आफ्नो घरमा नवदुर्गा भगवतीको सेवा आराधना गर्नु अवस्था अनुरुप बुद्धिमानी सावित हुन्छ । बडादशैंमा मान्यजनबाट लिइने आशीर्वाद महाभारतीय सन्दर्भयुक्त बिम्बात्मक प्रचलित पद्य निम्न अनुसार रहेको छ ।

*आयुर्द्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे*
*ऐशवर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।*
*दानं सूर्यसुते बलञ्च हलधरे सत्यञ्च कुन्तिसुते*
*विज्ञानं विदुरे प्रभवतु भवतां कीर्तिश्च नारायणे ॥*

यस पद्यमा दश प्रकारका भिन्न-भिन्न गुणले युक्त पात्रहरुलाई बिम्ब बनाइ आशीर्वाद प्रदान गरिएको छ । बडादशैंको टीका नवदुर्गाको प्रत्येक दिन अलग-अलग नौं ओटी देवीको पूजन सम्पन्न गरी दशौं दशमीको दिन



टीका लगाइने र दशवटा सकारात्मक प्रवृत्तिले सम्पन्न आशीर्वाद प्रदान गरिने भएकाले यस चाडलाई बडादशैं भनिएको हो । उक्त दश वटा गुणहरुले युक्त बन्न सके मानव संसारकै उत्कृष्ट असल मानव बन्न सक्ने भएकाले यस पद्यको गहन अर्थगत भावको स्मरण गर्दै बडादशैंमा आशीर्वाद दिने र लिने गरिएको छ । अब यस पद्यको भावलाई छोटकरीमा विश्लेषण ब्याख्या तल गरिएको छ ।

आयुर्द्रोणसुते= द्रोणाचार्यका छोरा अश्वत्थामाको जस्तो चीरञ्जीवी आयु होस् । द्रोणाचार्य वेदवेदाङ्गमा पारङ्गत एवम् शस्त्र अस्त्र र धनुर्विद्याका निष्णात आचार्य हुन् । उनका एकमात्र छोरा अश्वत्थामा आयुमा चिरञ्जीवी भएकाले नरसंहारकारी महाभारतको युद्धमा दुर्योधनको पक्षबाट युद्ध गरे पनि जीवित रहेका र आज पनि अष्ट चिरञ्जीवीमा पर्ने एक कालजयी पात्र हुन् । यस आशीर्वादमा यिनको जस्तै आयु होस् भन्नुको तात्पर्य समाज, राष्ट्र र विश्वमा सकरात्मक कार्य गरेर शतवार्षिकी आयुलाई कीर्तिर्यस्य स जीवति भने झैं रोग, शोक, भय, अभावरहित भएर लोककल्याणकारी कार्य गरी पूर्णायु हुँदै कीर्तिको माध्यमले सदैव बाँचिरहनु भन्ने आशयलाई प्रकट गरेको छ ।

श्रियं दशरथे = राजा दशरथको जस्तो ऐश्वर्य होस् । जसको घरमा स्वयम् भगवान् रामले अवतार लिनुभएको थियो । विष्णुकी पत्नी, धनकी अधिष्ठात्री लक्ष्मीको बास जहाँ हुन्छ । त्यस गृहस्थको घरमा सुखसयल हुन्छ । एकै ठाउँ बसीरहन नसक्ने चञ्चलाचपला लक्ष्मी जहाँ भगवान् विष्णुको बास हुन्छ । त्यहाँ स्थिर भएर बसिरहने स्वभाव भएकी लक्ष्मी राजा दशरथको घरमा स्थिर भएर सीताको रुपमा बसेकी थिइन् । किनकि भगवान् विष्णु नै राम भएर दशरथ पुत्र बनेका थिए । यतः दशरथको जस्तै ऐश्वर्य होस् भन्नुले तिम्रो घरमा धन दौलतको कमी कहिल्यै नहोस् । अनि मान प्रतिष्ठा र सामाजिक सद्भाव नटुटोस् भन्ने आशयलाई प्रकट गरेको छ ।

शत्रुक्षयं राघवे= रामको जस्तै शत्रु विनाश हुन् । समय, सम्पत्ति र शक्तिको दुरुपयोग गरी विश्वलाई आफ्नो बसमा राख्ने, मानवलाई मानवीय मूल्य चटक्क भुलेर दास अनि फगत साधनको रुपमा प्रयोग गर्न चाहने आसुरी स्वभाव भएका खर, दूषण एवम् रावण जस्ता असुरलाई रामले विनाश गरी मानव मात्रको कल्याण गर्नुभएको थियो । अनि शत्रुरहित रामराज्य सञ्चालन गर्नुभएको थियो । रामका जस्तैः तिम्रा शत्रु क्षय हुन् भन्नुले राम्रो काम गर्दागर्दै इर्ष्या, डाह र आततायी शैलीले कोही तिम्रा सत्सङ्कल्प बाधक शत्रु हुन पुगे भने ती सबै विनाश भएर जाउन् । तिम्रो सत्सङ्कल्पमा बाधा न होस् भन्ने आशय हो । ऐश्वर्यं नहुषे= नहुष राजाको जस्तो ऐश्वर्य होस् । यी चन्द्रवंशी राजा नहुष जिउँदै स्वर्ग गएका राजा हुन् । पृथ्वीको सारा ऐश्यर्य भोग गरेका राजा नहुषले स्वर्गको सुखसुविधा समेत पार्थीव शरीरले नै भोग गरेका थिए भन्ने कथा पुराणहरुमा पाइन्छ । तिमीलाई पनि यस लोकमा भएका सुखसुविधा र परलोकमा भएका दिव्य भोग सबै प्राप्त हुन् भन्ने आशय यस कथनले प्रकट गरेको देखिन्छ ।

गतिश्च पवने= हावाको जस्तो गति होस्, भन्नुले हावा गतिशील हुन्छ । हावा एकै ठाउँ बसिरहँदैन । अघि बढिरहँदा फूलबारीमा पुगे सुगन्धित बन्छ, फोहोरमा पुगे दुर्गन्धित बन्छ, पानी अथवा शीतमा पुगे चिसो बन्छ, गर्मीमा पुगे तातो बन्छ । यसरी हावाको समय, स्थान र अवस्था अनुरुप सबैले पहिचान गरे पनि उसले आफ्नो यथार्थ स्वरुपलाई नछोडी गतिशील रहन्छ । त्यस्तै तिमीमा देशकाल समय, सन्दर्भ र परिस्थिति अनुरुप परिवर्तित गतिशीलतालाई स्वीकार गर, तर स्वभाविक यथार्थतालाई नवदल भन्ने सरल एवम् गहन आशीर्वाद यस शब्दावलीले प्रदान गरेको छ ।

मानञ्च दुर्योधने= तिम्रो मान सम्मान भने दुर्योधनको जस्तो होस् । यो दुर्योधन महाभारतको खलपात्र हो । पाण्डवहरुलाई लाक्षाभवनमा दहन गरेपश्चात् ऊ हस्तिनापुरको कार्यकारी राजकुमार भएको थियो । कर्णले दिग्विजय गरे पश्चात् दुर्योधनलाई भारत वर्षीय राजा रजौटाहरुले अत्यन्त ठूलो मानसम्मान गरेका थिए । तिमीलाई पनि दुर्योदनलाई गरे झैं सबैले मानसम्मान गरुन् । तर, अभिमान र प्रवृत्ति दुर्योधनको जस्तो न होस् भन्ने नकरात्मक गुणको निषेध र सामाजिक सकारात्मक सद्भावमूलक गुण चाहिँ होस् भन्ने विधिभाव यस आशीर्वचनमा व्यक्त भएको छ ।

दानं सूर्यसुते= तिमी सूर्यपुत्र कर्ण जस्तै दानी बन । महाभारतीय कर्ण सूर्यपुत्र वीर योद्धा हुन् । यी अत्यन्त दानी थिए । भगवान् श्रीकृष्णले एकदिन परीक्षा गर्न एउटा सन्तको स्वरुप बनाई क्रमैले दुर्योधन युधिष्ठिर र कर्णको घरमा पालैपालो जानुभएछ । सर्वप्रथम युधिष्ठिरले सन्तको स्वागत गरिसकेपछि भोजन गर्न आग्रह गरे तर म आफैं पकाएर खान्छु, त्यो पनि श्रीखण्डका दाउराले पकाएको मात्र खान्छु । सन्तको यस्तो अभिव्यक्तिले युधिष्ठिर भोजन गराउन असमर्थ भए । दुर्योधनले पनि यो प्रस्ताव पूरा गरेर सन्तलाई भोजन गराउन सकेनन् । अन्त्यमा सन्त कर्णकहाँ पुगे । कर्णले स्वागत र सम्मान गरिसकेपछि सन्तलाई भोजनका लागि आग्रह गर्दा उनले भोजनका विषयमा पहिलेकै स्वयंपाक र श्रीखण्डका दाउराको प्रस्ताव राखे । यस्तो प्रस्तावले दुर्योधन र युधिष्ठिरलाई त खिन्न बनाएको थियो, तर कर्ण खुशी भए । उनको मूलढोकाको चौकट श्रीखण्डको थियो । उनले हत्तपत्त चौकट बञ्चराले काट्न थाले । सन्तले यसो नगर कर्ण ! भन्दा कर्णले भने यो ढोका त भरे बनाए पनि हुन्छ, तर उचित पात्रलाई दान गर्ने अवसर जहिल्यै कहाँ पाइन्छ र ? यति भन्दै उनले प्रेमपूर्वक अतिथि भोजन गराए । यद्यपि युधिष्ठिर र दुर्योधनका घरको मूलढोकामा पनि श्रीखण्डकै चौकट थियो । तर, उनीहरुले यो हिम्मत गर्न सकेका थिएनन् । श्रीकृष्णले लिएको दानवीरको परीक्षामा कर्ण अब्बल सावित भएका थिए । त्यसैले देशे काले च पात्रे च तद्दानं सात्विकं स्मृतम् ॥ (गीता १७/२०) देश, काल र उचित पात्र मिलेको समयमा दान गर्न सक्षम, समर्थशाली बन । धनी त धेरै हुन्छन्, तर दीनदुःखीको सेवा र दिल खोलेर दान गर्ने मानव थोरै हुन्छन् । तिमी दिनदुःखीको सेवा गर र दानवीर बन भन्ने आशय उपर्युक्त शब्दावलीले प्रकट गरेको छ ।

बलं हलधरे= बलराम जस्तै बलशाली बन । बलराम शेषको अवतार हो । उनी बलशाली थिए । बलरामले हलोले तानेको खण्डमा पृथ्वी समेत तान्न सक्दथे । त्यसैले तिमी बलमा बलराम जस्तै बलशाली बन भन्ने भाव प्रस्तुत पद्यावलीमा प्रकट भएको छ ।

सत्यञ्च कुन्तिसुते= कुन्तिपुत्र युधिष्ठिर जस्तै सत्यबादी बन । युष्ठिरले कहिल्यै असत्य बोलेको प्रमाण छैन । महाभारतको युद्धमा गुरु द्रोणचार्यले छोरा अश्वत्थामाको मृत्यु भए युद्ध नगर्ने प्रतिज्ञा गरेका थिए । भीमले अशवत्थामा नामक हातीको मृत्यु भएको कुरा द्रोणाचार्यलाई सुनाए । तर, उनले म अरुको विश्वास गर्दिन, सत्यवादी युद्धिष्ठिरले भने मात्र विश्वार गर्नेछु भनें । पछि अश्वत्थामा बलवान् हात्तीको मृत्यु भएको कुरा सुनाउन श्रीकृष्णले युधिष्ठिरलाई आग्रह गरेका थिए । युधिष्ठिरले आफ्ना गुरुलाई सत्य बताउनुपर्छ भनेर नरो वा कुञ्जरो वा अश्वत्थामा हतो हतः । (महाभारत) मान्छे हो कि हात्ती हो, तर अश्वत्थामा मऱ्यो । युधिष्ठिरको यो कथनले द्रोणाचार्यले युद्धविराम गरे, आखिर मृत्यु पनि भयो । मान्छे हो कि हात्ती हो भन्ने सन्देहात्मक वाणीले युधिष्ठिरलाई असत्यको दोष लागी संसार छोडेर जाँदा एकदिन नरक जानुपरेको प्रमाण छ । नत्र जीवनमा युधिष्ठिरले कहिल्यै झुटो बोलेनन् । त्यसैले तिमी पनि कुन्तिपुत्र युधिष्ठिर जस्तो सत्यवक्ता बन, झुटो नबोल भन्ने भाव यस आशीर्वचनमा प्रकट भएको छ ।

विज्ञानं विदूरे= ज्ञान विज्ञान विदुरमा भए झैं होस् । महाभारतका विदूर अत्यन्त चतुर ज्ञानी हुन् । ज्ञानको गहन रहस्य र व्यवहारिक अथवा प्रयोगात्मक पक्ष नै विज्ञान हो । ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने सन्दर्भमा तत्कालीन समयको पाण्डवलाई लाक्षाभवनबाट संरक्षण गर्ने सन्दर्भ र अन्य धेरै सन्दर्भमा विदूरले खेलेको भूमिकाको अध्ययन गर्दा विदूर वास्तवमा चतुर ज्ञानीका रुपमा चिनिन्छन् । विदूरको जस्तो ज्ञानलाई आदर्श मात्र नभई व्यवहारमा प्रयोग गर्न सक्षम हुनु भन्ने आशीर्वचन प्रस्तुत पद्यांशले प्रष्ट पारेको छ ।

कीर्तिश्च नारायणे= भगवान् नारायणको जस्तै चौधैं भुवनमा तिम्रो कीर्ति पताका फैलाओस् । यसरी हेर्दा यी आशीर्वादले ध्वनन गर्ने अर्थ धेरै गहन र रहस्यात्मक रहेको छ । निष्कर्षमा आश्विन शुक्लपक्ष प्रतिपदादेखि नवमीसम्म शक्तिकी अधिष्ठात्री देवी नवदुर्गा भवानीको उपासना गर्ने र रक्तवीज भएर युगौंयुग बाँचीरहने दुष्ट महिषासुर प्रवृत्तिलाई विनाश गरी विजयोत्सवका रुपमा दशमी तिथिलाई धुमधामसँग मनाउने प्रचलन रहेकाले यस दिनलाई विजय दशमी भनेर चिनिन्छ । यस दिनबाट कोजाग्रत पूर्णिमासम्म पाँच दिन मान्यजनबाट टीका लगाई आशीर्वाद लिने हाम्रो सुन्दर परम्परा रहेको छ । टीका लगाउँदा माथि उल्लेखित पद्यको माध्यमले आशीर्वाद प्रदान गर्ने गरिएको छ । कतिले कुनै विश्लेषण नै नगरी यो आशीर्वाद पुरानो भयो भन्ने अभिव्यक्ति दिएको पनि पाइन्छ । तर, हाम्रा कालजयी परम्परा, सामाजिक शैली, सांस्कृतिक र धार्मिक व्यवहार अनुकरणीय छन् । आहार, व्यवहार र आचरणमा मानवले सावधानी न अपनाउँदा आज कोरोना जस्तो महामारीले मानवीय अस्तित्वमाथि नै धावा बोलिरहेको छ । त्यसैले हाम्रा परम्परालाई गहन विश्लेषण गरी बुझ्न र अपनाउन आवश्यक छ । घरदैलोमा आएको बडादशैंमा भगवती नवदुर्गाको कृपाप्रसादद्वारा सबैमा उत्साह, उमङ्ग, साहस र धैर्यको वृद्धि होस् । वैश्विक महामारी कोरोना भाइरसबाट बच्न सावधानीपूर्वक मान्यजनबाट आशीर्वाद ग्रहण गरौं । स्वस्थ, मस्त र व्यस्त रहौं, सबै इष्टमित्र, शुभचिन्तक एवम् सम्पूर्ण नेपाली मनलाई दश औंला जोडेर २०७७ को बडादशैंको मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

*(आचार्य श्रीसाङ्गवेद मावि बिर्तामोड- २ चारपानेका शिक्षक हुन् ।)*

# अलपत्र नेपालीको आँशु पुछिदिनेलाई राज्यले चिन्दैन



**मेघराज सापकोटा**

ठ्याक्कै यतिको संख्यामा नेपालीहरु देशविदेशमा होलान् भनेर भन्न त सकिन्न । तर, ५० लाखभन्दा बढी नेपालीहरु देश बाहिर होलान् भन्ने अनुमानित तथ्यांक छ । कतिले ८० लाखसम्म पनि भन्ने गरेका छन् । ४० लाखको हाराहारीमा त बैदेशिक रोजगारीको लागि खाडी, मलेशिया र अन्य मुलुकहरुमा रहेको अनुमानित तथ्यांक नेपाल सरकारसँग रहेको छ । सामाजिक सञ्जालमा समुद्रका तटमा खिचिएको फोटोहरु हेरेर बिदेश जाने सपना बुन्ने धेरै नेपालीहरु भेटिन्छन् । चिल्ला सडक र अग्ला घरहरुको तस्वीरले पासपोर्ट बनाउन तम्सिने युवाहरु धेरै छन् । बिदेश गएर कमाएर शहरमा घर बनाउने र श्रीमती, छोराछोरी र बाबुआमालाई सुखले पाल्ने सपना बोक्ने नेपाली युवाहरु धेरै छन् ।

फोटोमा देखे जस्तो सबैलाई कहाँ सुख छ र बिदेशमा ? यती धेरै नेपालीहरु रहेको बिदेशमा नेपालीहरुका समस्याहरु उत्तिकै धेरै छन् । तातो गर्मीले मृत्यु हुने नेपालीहरुको संख्या झन् बढ्दो छ । कयौं शबहरु अलपत्र परेका छन् । कयौं नेपालीहरु बिदेशी अस्पतालको शयूयामा ढलिरहेका हुन्छन् । तसर्थ सबैले सोचे झैं रहेनछ बिदेश । बैदेशिक रोजगारीमा जाँदा कामदारहरुले प्रति ब्यक्ति एक हजार पाँच सय शुल्क कल्याणकारी कोषमा



जम्मा गरेका हुन्छन् । त्यो शुल्क तिर्नुको उद्देश्य पनि बिदेशमा रहेको बेलामा केही समस्या परे राज्यले सहयोग गर्नलाई हो । त्यसैले बैदेशिक रोजगारीमा गएका जनतालाई जस्तोसुकै समस्या परेको अवस्थामा उनीहरुको घाउमा मलमपट्टी गर्ने काम पनि नेपाल सरकारकै हो । विश्वको जुनसुकै कुनामा किन नहोस्, समस्यामा परेका नेपालीहरुको उद्धार सहयोग गर्ने कार्य राज्यको हो । राज्यको दायित्व हो । तर, नेपाल सरकारले गर्दैन, गरेन अवथा बिरलै गर्छ ।

कोभिड-१९ को विश्व महामारीमा विश्वभरका नेपालीहरु रोइकराइ गरेर घर फर्कन पाउँभन्दा पनि सरकारले सुनेन । कम्पनी बन्द भएर नेपालीहरु खाना नपाएर चिच्याउँदा पनि कान बन्द गरेर बस्यो । कम्पनी टाट पल्टेर नेपाली कामदारहरु घरबारविहीन भएर सडकमा सुत्दा सरकार आफैं निदाए झैं गऱ्यो । सरकारका मन्त्रीहरु बिभिन्न मिडियामा आएर आश्वासन मात्र दिए, तर परदेशमा भएका श्रमिक दाजुभाइहरुले महशुस हुने गरीको सहयोग उद्धार कहींकतै गरेन । बरु एअरपोर्ट पुगेका नेपालीहरुलाई एअरपोर्टमै अलपत्र छोडेर दुबईबाट हवाईजहाज रित्तै फर्कायो । भात माग्दा आश्वासन दियो, तर चामल दिएन । भिसामा जरिवाना लाग्यो, हवाइ यातायात खुलाएन । बल्ल-बल्ल हवाइजहाज चल्ने अनुमति त दियो, तर टिकट किन्नै नसक्ने महँगो बनायो । कयौं महिनासम्म बेरोजगार भएर आफ्नो गोजीको पैसाले भात किनेर खान नसक्नेलाई नेपालको जग्गा बेचेर बिदेशी एअरलाइन्सको टिकट किन्नुपर्ने बाध्य बनायो ।

बिदेशी अस्पतालको शयूयामा नेपालीहरु छटपटाउँदा पनि सरकारको मन दुखेन । मन्त्रीहरुको आँशु झरेन । ती देशहरुले तेरा नागरिकका शव लैजाओ नत्र यही गाडीदिन्छौं भनेरभन्दा पनि पख-पख भनिरह्यो । यी बीचमा कयौं नेपालीहरुको शव बिना जानकारी र बिना अनुमति गाडीए । अहिले पनि सयौंका संख्यामा नेपालीका शवहरु बिदेशी अस्पतालका शवघरहरुमा सडिएर बसेका छन् । तर, नेपाल सरकारलाई दुख्दैन । बिभिन्न वेबनीयर बैठकमा सरकारका मन्त्रीहरुले गर्दिन र सक्दिनँ कहिल्यै

**(बाँकी पृष्ठ ३ मा)**

## गौरादहमा पाथीभरा रिकण्डिशन हाउस

**गौरादह, कात्तिक ६।** गौरादहमा पाथीभरा रिकण्डिशन हाउस सञ्चालनमा आएको छ ।

गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साह र उद्योग वाणिज्य संघका अध्यक्ष जेवी कार्कीले संयुक्तरुपमा उद्घाटन गरेका थिए । उक्त रिकण्डिशन हाउस गौरादहमै पहिलो पटक सञ्चालनमा आएको बताइएको छ ।

मोटरसाइकल र स्कुटरका सम्पूर्ण सेवा उक्त रिकण्डिशन हाउसबाट उपलब्ध गराइने सञ्चालक लोकनाथ खनालले बताए । उनले अब मोटरसाइकल र स्कुटर सम्बन्धी कुनै पनि कामका लागि दमकसम्म पुग्नु नपर्ने बताए । रिकण्डिशन हाउसबाट नयाँ तथा पुराना मोटरसाइकल, स्कुटर किनबेच, एक्सचेन्ज, पार्टपुर्जा मर्मतको सेवा दिइनुका साथै गौरादहबाटै मोटरसाइकल भाडामा समेत उपलब्ध गराइने सञ्चालक मनिस खनालले बताए ।

कार्यक्रममा नेकपा नगर अध्यक्ष मित्रदेव काफ्ले, वडा नम्बर १ का अध्यक्ष नगेन्द्र भण्डारी, ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी सहायक निरीक्षक लक्ष्मी ओझा इलाका प्रहरी कार्यालय गौरादहका प्रमुख प्रहरी नायब निरीक्षक नारायण कुँवर, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रमुख प्रहरी निरीक्षक राकेश रेग्मी, ट्राफिक प्रहरी कार्यालय गौरीगञ्जका प्रमुख साजन कार्कीले शुभकामना दिएका थिए ।

## चितुवाको आक्रमणबाट तीन जना घाइते

**संखुवासभा, कात्तिक ६।** संखुवासभाको धर्मदेवी-४ मा चितुवाको आक्रमणबाट तीन जना घाइते भएका छन् ।

घाइते हुनेमा धर्मदेवी-४ हुम्लिङका ७६ वर्षीय धनबहादुर घिमिरे, २५ वर्षीय गणेश घिमिरे र ४० वर्षीय टंक श्रीपाली छन् । धर्मदेवी-४ का वडाध्यक्ष अनिरुद्रसिंह लिङ्खाका अनुसार हुम्लिङ पसेको चितुवाले गाउँभरिका बाख्रा मार्न थालेपछि स्थानीयबासीले प्रतिकार गरेका थिए ।

प्रतिकार गर्नेक्रममा घाइते भएकामध्ये धनबहादुर र श्रीपालीको अवस्था गम्भीर रहेको वडाध्यक्ष लिङ्खाको भनाइ छ । चितुवाले हुम्लिङमा १३ खसीबाख्रा पनि मारेको छ । श्रीपालीका सात, जसबहादुर लिङ्खाको एक र लीला श्रीपालीका पाँच बाख्रा मारिएको उनले बताए ।

घाइतेलाई उपचारका लागि नगरपालिकाको गाडीमार्फत प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर पठाइएको धर्मदेवीका नगर प्रमुख रमेशकुमार जिमीले जानकारी दिए ।

# सानोतिनो गल्तीले लान्छ कोरोनाले ज्यान...



**बिर्तामोड, कात्तिक ६।** विश्वभर महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षा सावधानी अपनाउन विश्व स्वास्थ्य संगठनले सबैलाई आग्रह गरिरहेको छ । तर, त्यसको पालना नगर्दा कोरोनाले आज भयावह रुप लिइरहेको छ । स्वास्थ्य सुरक्षा सावधानी नअपनाएकै कारण आज धेरैले मृत्युवरण गर्नु परिरहेको छ ।

कोरोनालाई सामान्य ठान्दा आज यो कहालीलाग्दो अवस्था सृजना भइरहेको भन्दै कोरोना भाइरसको संक्रमणबाट बच्न जनचेतना फैलाउने उद्देश्यले म्युजिक भिडियो सार्वजनिक गरिएको छ । सामाजिक अभियन्ता तथा गायक गणेश दुङ्गानाको शब्द, संगीत र स्वर रहेको सानोतिनो गल्तीले लान्छ कोरोनाले ज्यान बोलको गीतको म्युजिक भिडियो अर्जुनधारामा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको हो ।

अपाङ्ग बाल शिक्षा सरोकार केन्द्रका अध्यक्ष कृष्णदेव दुलालको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि रानाले सामाजिक अभियन्ता तथा गायक गणेश ढुङ्गानाले समयसापेक्ष म्युजिक भिडियो ल्याएको बताउँदै कोरोना भाइरसको संक्रमणबाट बच्न सावधानी अपनाउन आग्रह गरे ।

कार्यक्रममा शिक्षासेवी लोकनाथ पौडेल, अर्जुनधारा-८ कि वडा सदस्य सुशिला सुवेदी, निर्माण व्यवसायी शेरबहादुर थापा, गायक हस्त परियार, साहित्यकार भगवती ढुंगेल, बन्दी सहायता नेपालका पूर्वाञ्चल संयोजक जगतबहादुर रानामगर लगायतले गीतले सानोतिनो गल्तिले लान्छ कोरोनाले ज्यान भने झैं कोरोनालाई सामान्य नठान्न सबैलाई आग्रह गरे ।

कार्यक्रममा म्युजिक भिडियो निर्माणमा सहयोग पुर्‍याएको भन्दै निर्माण व्यवसायी शेरबहादुर थापा, तत्कालीन राहतका लागि सामाजिक अभियान संयोजक जगतबहादुर रानामगर, नेपाल लाइफ इन्स्योरेन्सकी एजेन्सी मेनेजर सुनिता धिमाललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा सामाजिक अभियन्ता तथा गायक गणेश ढुङ्गानाले कोरोना भाइरसको संक्रमणबाट बच्न अपनाउनुपर्ने स्वास्थ्य सुरक्षा सावधानीलाई गीतको रुपमा प्रस्तुत गरेको बताए । उनले पछिल्लो समय मानिसले, भौतिक दूरी, सरसफाई, स्वास्थ्य सुरक्षा सावधानी नअपनाउँदा कोरोनाको भाइरसको संक्रमणको दर बढिरहेकाले कोरोना भाइरसको संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षा सावधानी अपनाउनुपर्छ भन्ने सन्देश दिन म्युजिक भिडियो निकालेको बताए ।

कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनको अवधिमा राहतका लागि सामाजिक अभियान कार्यक्रम सञ्चालन गरी भोकभोकै बस्न बाध्य विपन्न वर्गका मानिसलाई खाद्यान्न, सुरक्षाकर्मीलाई पानी लगायत वितरण गरेको कार्यलाई म्युजिक भिडियोमा उतारेको उनले बताए ।

अनाथ तथा अपाङ्गता भएका बालबालिकाहरुको लागि आवास निर्माण गर्ने उद्देश्यले प्लाष्टिकका बोतल संकलन गरिरहेको अभियानलाई समेत म्युजिक भिडियोमा उतारेको उनले बताए । म्युजिक भिडियोको बिक्रीबाट आएको रकम अनाथ तथा अपाङ्गता भएका बालबालिकाहरुको लागि आवास निर्माणमा खर्च गर्ने उनले वताए ।

झापाको बिर्तामोड, शनिश्चरे, बुट्टाबारी लगायतका स्थानमा छायाङ्कन गरिएको म्युजिक भिडियोमा बाँसुरी वादक मातृका संग्रौलाको वाद्यवादन रहेको छ । म्युजिक भिडियोको प्रायोजन झापाली विल्डर्स कम्पनीले गरेको हो भने म्युजिक भिडियोको बिमोचन अर्जुनधारा नगरपालिकाले गरेको हो । कार्यक्रमको सहजीकरण सञ्चारकर्मी रञ्जित परियारले गरेका थिए ।

## अलपत्र...

भनेनन्, तर तुरुन्त कहिल्यै गरेनन् । कार्यान्वयन नै हुन नसक्ने उद्धार सम्बन्धी कार्यविधि बनाएर श्रममन्त्रीले आफ्नो भत्ता पकाइरहे । बरु नेपालमा गाई-भैंसी बेचेर टिकट किने तर कोही पनि नेपालीले आफूले तिरेको कल्याणकारी कोषबाट निःशुल्क टिकट पाएनन् ।

यस्तो अवस्थामा बिदेशमा अलपत्र परेका नेपालीहरुको आँशु पुछिदिने अरु कोही थियो र छ भने त्यो उनीहरु आफैंले बनाएको संघ-संस्था छ । विश्वभर सञ्जाल रहेको गैर आवासीय नेपाली संघ (एनआरएनए) र नेपालीहरुले बनाएका अन्य बिभिन्न संघ-संस्थाहरु, कम्युनिटी समूहहरु र बिशाल मन भएका केही व्यक्तिहरु छन् । नेपाली समाज, कोभिड-१९ सूचना संकलन तथा सहयोग समिति, बिभिन्न जिल्लागत संस्थाहरु, जातीय र राजनीतिक भातृ संगठनका समाजसेवीहरु । सरकारलाई दबाब दिने र बिदेशस्थित निकायलाई मजदुरको पक्षमा नीतिनिर्माण गर्ने कार्यमा यी राजनीतिक संगठनको भूमिका कम महत्वपूर्ण छैन । बिदेशमा हिजो पनि उनीहरु नै थिए र आज पनि उनीहरु नै छन् ।

बरदुबईको सडकमा रोएर बसेको नेपालीको उद्धार गर्ने यिनै संघ-संस्था हुन् । एअरपोर्टमा अलपत्र परेर खान नपाएका नेपालीहरुको उद्धार गर्ने पनि यिनै संघ-संस्था हुन् । बस्न नपाएर पार्कमा सुतिरहेका नेपालीहरुलाई बासस्थान उपलब्ध गराउने यिनै महान समाजसेवीहरु हुन् । कुनै बेला कोरोना लागेर हाहाकार भएको बेला रातारात एम्बुलेन्स बोलाएर बिरामीलाई अस्पताल पुर्‍याउने यिनै महान समाजसेवीहरु हुन् । आफ्नै खल्तीको खर्च गरेर अस्पताल लगेर उपचार गरिदिने यिनै संघसंस्थाहरु हुन् । नेपालमा कोही आफन्तको मृत्यु भयो, टिकटको जोहो गरिदिने र किनिदिने पनि यिनै हुन् । कोही नेपाली बेपत्ता भयो भन्नुपर्ने यिनैलाई हो । कसैको शव यही सदगद गर्नुपर्‍यो भने जान्ने, बुझ्ने र सहयोग गर्ने पनि यिनै हुन् ।



एनआरएन यूएईका उपाध्यक्ष पाशाङ् शेर्पा, नेपाली समाजका महासचिव बेदप्रसाद अर्याल, एनआरएनकै सुजन सापकोटा, मध्यपूर्व उपसंयोजक मनोजकुमार श्रेष्ठ, कोषाध्यक्ष विकाश शाही र नाई आमा मलाई त्यही केटी चाहिन्छ भन्ने सुपरहीट गीतका रून्चे गायक प्रकाश पौडेलले कोभिड-१९ को माहामारीको बेलामा गरेको सहयोग कुनै पनि अन्तर्राष्ट्रिय अवार्डको लागि योग्य थियो । मालिकको काम गर्दै समाजसेवा गर्छन् यिनीहरु । असली हिरोहरु यिनिहरु थिए । यी मात्रै होइनन् यस्तै कयौँ हिरो समाजसेवीहरु छन् जसले युएईमा निःस्वार्थ सेवा गरिरहेका छन् । खाडी र मलेशियामा यस्तै विशाल मनका धनी समाजसेवीहरुले गर्दा सयौँ नेपालीहरुले जीवनदान पाएका उदाहरणहरु छन् । नेपाल सरकारका दूतावास र नियोगहरुले गर्ने काम यिनै हिरोहरुले गरिरहेका छन् ।

नेपाल सरकारले संबिधान दिवसको अवसरमा पाँच सय ९४ जना नेपालीहरुलाई बिभिन्न पदकले बिभुषित गर्‍यो । असल काम गरेवापत दिइने बिभुषितको सूचीमा परेका अधिकांश नामहरु सरकारी कर्मचारी, प्रहरी, सैनिकहरु छन् भने केही राजनीतिकर्मी, कलाकार, पत्रकार र केही सामाजिक व्यक्तित्वहरु पनि छन् । केही चाहिँ कहिल्यै नसुनेका पनि हुने गर्छन् । जनताले सुनिरहेका, माया गरेका, काम गरेका, समाजलाई योगदान दिएका जसजसले पदक पाउनुपर्ने हो यस्ता कयौँ नामहरु उक्त सूचीमा पर्दैनन् । यसपाली पनि परेनन् । यस्तै नामहरुको सूची देखेपछि बिदेशमा रहेका नेपालीहरु नेपाल सरकारसँगै आक्रोशित हुने गर्छन् ।

बिदेशमा रहेका लाखौं नेपालीहरुको दुःख-सुखमा साथ दिने समाजसेवी नेपालीहरुलाई पनि राज्यले कहिल्यै सम्झँदैन । उनीहरुले गरेको सेवाको कदर राज्यले कहिल्यै गर्न जानेन । राज्यको तलबभत्ता खाएर जागिर खानेहरुलाई पदकले सम्मान गर्ने राज्यले गोजीको खर्च गरेर निःस्वार्थ सेवा गर्नेहरुलाई कहिल्यै प्रोत्साहित गर्दैन । यिनलाई न त नेपाल सरकारले चिन्ने गरेको छ, न त सम्बन्धित देशमा रहेका सरकारका निकायले । उनिहरुलाई चिन्दैन । काम लगाउनु परे चिन्छ, तर हौसला प्रदान गर्दैन । यस्तै कारणले हरेक बर्ष प्रदान गरिने बिभुषण विवादित बन्ने गरेको छ । हरेक बर्ष बिभुषण पाउनैपर्ने छुट्छन् र नपाउनु पर्नेले थाप्छन् । आफ्ना नातागोता, भाइ-भतिज र कार्यकर्ताहरुले मात्र बिभुषण पाउनाले नेपाली समाजमा बिभुषणको महत्व गिर्दै गएको छ । त्यही भएर सूचीमा समाहित भएका साँच्चै पाउनुपर्ने विद्वानहरुले सरकारले घोषणा गरेको पदकलाई बहिष्कार गरिदिन्छन् ।

*(झापा बुधबारे स्थायी घर भएका सापकोटा दुबईमा बसेर पत्रकारिता गर्छन् ।)*


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| टेकलाल राजवंशी | केचना-४ | ४८१ | २६४०.०० | धना गणेश |
| मैयाकुमारी घिमिरे | बालुबाडी-३ | २६२ | १९११.७८ | फागुलाल राजवंशी<br>खोला राजवंशी |
| गुणवती शिवाकोटी | शिवगञ्ज-१ | १०६८ | ०-१-० | मंगलु राजवंशी |
| सार्के दमाई परियार | शिवगञ्ज-१ | १०६९ | ०-१-० | मंगलु राजवंशी |
| दधिराम वोली | शिवगञ्ज-१ | ८८९ | ०-१-० | बैसाखु/बैसागु<br>ताजपुरिया |
| चन्द्रकला पराजुली | ज्यामिरगढी-६ | ११५<br>११८ | ०-१६-०<br>१-१६-० | सानु नापी राजवंशी<br>" |
| गंगामाया सिंजाली मगर | शान्तिनगर-५ | ११०५ | ०-१-० | सुकबादुर राय |



बडा दशैंको शुभकामना

'भौतिक दूरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरूलाई पनि बचाउँ'

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४० तथा छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनकुमारी सञ्जेल, सचिव — तुलसीप्रसाद खतिवडा, अध्यक्ष

एवम् शान्ति सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जुनधारा नगरपालिका-२, (झापा)



गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर



शुभ दशैं

भौतिक दूरी कायम गर्दै मास्क र ह्यान्ड सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बाँचौं र अरूलाई पनि बचाउँ'

विजय दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४० तथा छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

छतीरानी काफ्ले : सचिव — भानु श्रेष्ठ : अध्यक्ष

एवम् नमूना सामुदायिक वन उपभोक्ता समूह परिवार

अर्जुनधारा नपा-९, झापा



जाँड रक्सी सजिलो सँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ । *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ ।)*

***दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ ।***

फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोनः ९८४२६४३६१८/९८०७९९४८८०)



पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

रबिन आयुर्वेदिक फार्मेसी
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१



सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४



डिलर तथा होलसेल आवश्यकता

एक सेन्टरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो ।
कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.
९८०१४२४०१३, ९८०१४२३६४३
अर्जुनधारा-०६, झापा



टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९, ९८४१३२१४६४



साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४



सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।

उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)



छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिविसुदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यावसायिक मार्ग अवलम्बन गर्नुका साथै धन आर्जनका केही स्रोत प्राप्त हुनेछन् । यन्त्र, उपकरण वा विलासी वस्तुमा धन खर्च हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** लेखन, संगीत र कलामा रुचि बढ्नुका साथै प्रतिभाले मान(सम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनेछ र बौद्धिक सफलताले पनि उत्साह जगाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** केही विघ्नबाधासँग संघर्ष गर्नुपरे पनि आत्मसम्मानका लागि स्वाभिमानी काम गर्ने समय छ । चैतन्य शक्ति जागृत हुनाले महत्वाकांक्षी काममा प्रवृत्त भइनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्मविश्वास र दृढसंकल्पले लक्ष्यमा पुर्‍याउनेछ । तर स्वास्थ्यमा पित्तदोषका कारण ज्वरो, टाउको दुख्ने, पिनास वा आँखा सम्बन्धी समस्या आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पूर्वाधार कमजोर हुनेहरूलाई विभिन्न चुनौति समेत आइपर्नेछन् । आफ्ना कमजोरी सच्याउन अरूको टिप्पणी तथा आलोचना सुन्ने प्रयास गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बलभन्दा बुद्धिविवेकले उचाइमा पुर्‍याउनेछ । आफन्तसँग असमझदारी बढे पनि शुभचिन्तकहरूले साथ दिनेछन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** लगनशीलताले सफलताको सूत्र पत्ता लगाउन सकिनेछ । फजुल खर्च बढ्नाले अर्थ अभाव देखापर्नेछ । लेनदेनमा सजक हरनु होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** खर्चिलो काम आँट्नाले ऋणभार बढ्न सक्छ । आशा देखाएर ठगी गर्ने पृष्ठभूमिका व्यक्तिहरूबाट सजग रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** व्यापारमा सोचेको लाभ नहुनाले लगानीको तुलनामा न्यून कर्मफल प्राप्त हुनेछ । महिनाभरि अर्थ अभावले सताउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** हठ गर्ने बानीले समस्या निम्त्याउनेछ भने कमजोरी लुकाउँदा थप नोक्सान हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** महत्वकांक्षाले व्यावहारिक समस्या निम्त्याउने हुँदा सावधान रहनुहोला । दोस्रो सातादेखि आयस्रोत सबल बन्नाले धेरै समस्या सुल्झने छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ । चोटपटकको योग देखिएकाले जोखिमयुक्त काम, हतियार र सवारी प्रयोगमा सावधान रहनुहोला ।